इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१५
०२५-५८२८१५
०२५-५८२१६५

प.सं.
च.नं.

मितिः................

## रोजगार संयोजक र प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः (२०७७/०७/१८)**

नेपाल सरकारद्वारा संचालित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस इटहरी उपमहानगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक र प्राविधिक सहायक पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | रोजगार संयोजक | छैटौं | १ |
| २ | २/२०७७/०७८ | प्राविधिक सहायक | पाँचौं | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

**क. रोजगार संयोजकको लागि**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- नैतिक पतन देखि फौजदारी अभियोगमा अदालतबाट कसुर नठहरिएको ।
- कम्प्युटर सम्बन्धी ज्ञान सिप भएको ।

**ख. प्राविधिक सहायकको लागि :**

- सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
- अनुभव र सीप प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्ने छ
  - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
  - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेपण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थानः** इटहरी उप-महानगरपालिकानगरकार्यपालिकाको कार्यालय, इटहरी

**३. दरखास्त दिने अन्तिम मितिः** २०७७/०८/०२

**४. आवेदनको दस्तुरः** रोजगार संयोजक पदको लागि रु. १,०००।- र प्राविधिक सहायक पदको लागि रु. ५००।- मात्र

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६. सेवा सुविधा :** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा (१८), (१९) र नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**७. आवेदन साथ संलग्न आवश्यक कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको नागरिक प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाण पत्र, अनुभव खुल्ने कागजात र २ प्रति पासपोर्ट आकारको फोटो।

**८. पदले सम्पादित गर्नु पर्ने कार्य विवरणः** रोजगार संयोजक पदको लागि रोजगार संयोजकको पदपुर्ति र सेवा सुबिधा सम्बन्धि मापदण्ड, २०७६ अनुसार र प्राविधिक सहायक पदको लागि नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुने छ ।

**नोटः** आवेदनको ढाँचा र विज्ञापन गरिएका पदहरुको कार्य विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र इटहरी उपमहानगरपालिकाको वेवसाईट www.itaharimun.gov.np मा उपलब्ध छ । थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत